# उच्च अदालत विराटनगर

## इलाम इजलास इलाम

पत्र संख्याः-

चलानी नं.ः-

प्राप्त प.स. र मितिः-

मितिः-२०७८।०४।०१

सूचना! सूचना!! सूचना!!!

हाल विश्वभर नोवल कोरोना भाइरस (कोभिड-१९) को नयाँ भेरियन्टको संक्रमण बढिरहेको र नेपालमा पनि तिव्र गतिमा यसको प्रभाव फैलिरहेको सन्दर्भलाई मध्यनजर गरि सोको जोखिम नियन्त्रण र रोकथामको लागि सरकारी कार्यालयहरूबाट प्रवाह हुने सेवाहरू पनि आवश्यकता अनुसार संकुचन गर्न नेपाल सरकारबाट मिति २०७८।०१।०६ मा आदेश जारी भएको र सर्वोच्च अदालतबाट मिति २०७८।०१।१४ मा जारी प्रेस बिज्ञप्ति अनुसार मिति २०७८।०३।१४ गतेसम्म यस अदालतबाट प्रवाह हुने सेवाहरूलाई संकुचन गरिएको र जिल्ला प्रशासन कार्यालय इलामले इलाम जिल्ला भरी लागू हुने गरी मिति २०७८।०४।०७ गतेसम्म निषेधाज्ञा जारी गर्ने भनी मिति २०७८।०३।३१ गते निर्णय गरी सूचना प्रकाशित गरेको साथै यस अदालतमा सम्पर्कमा रहने केही कानून व्यवसायीहरु समेत कोभिड-१९ बाट संक्रमित रहनु भएको अवस्था हुँदा निषेधाज्ञा खुकुलो नभएसम्म देहाय बमोजिमका कामकारवाहीहरू मात्र यस अदालतबाट सुनुवाई हुने वेहोरा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

निर्णयहरूः-

१. देहाय बमोजिमको काम कारबाही र सेवाहरू यथावत सुचारू रहनेः-
   क. बन्दी प्रत्यक्षीकरणको निवेदनको दर्ता र सुनुवाई
   ख. पक्राउ पुर्जी जारी, जरूरी पक्राउ पुर्जी स्वीकृति र म्याद थप
   ग. अभियोगपत्र दर्ता र थुनछेकको कारबाही
   घ. कोभिड -१९ संग सम्बन्धित रिट निवेदनको दर्ता र सुनुवाई
२. माथि उल्लेख गरिएदेखि बाहेकका यस अदालतबाट प्रवाह हुने अन्य कामकारबाही र सेवाहरू स्थगन हुने ।
३. काम कारबाही र सेवा स्थगन भएको अवधिमा पर्ने हदम्याद, म्याद र तारेख नगुज्रने ।
४. ७३ नं. सम्बन्धी निवेदनहरुमा सुनुवाई ।
५. नेपाल सरकार वादी भएका पुनरावेदन पत्र सहितको थुनुवा मुद्दाहरु सुनुवाई ।
६. २ वर्ष नाघेका देवानी मुद्दाहरुको सुनुवाई ।
७. दर्ता हुन आएका रिट निवदेनहरुको प्रारम्भिक सुनुवाई ।

०७८।०४।०१

(युगेनकाजी बान्तवा)

शाखा अधिकृत